त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

आनन्द निकेतन,
पुल्चोक, ललितपुर।

मिति: २०७०।०८।१६

## वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आव्हान सम्बन्धि सूचना

शैक्षिक बर्ष २०७०।७१ मा यस क्याम्पसको B.E./BArch. तहमा भर्ना भएका केहि विद्यार्थीहरुले भर्ना रद्द गराएका कारणले निम्न कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहेकोले ती स्थानहरुमा भर्नाको लागि पुन: आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पुन: आवेदन फाराम २०७० मंसिर १८ गते खरिद गरि सोहि दिन ११:०० बजेदेखि २:०० बजेभित्र पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा दर्ता गराइसक्नु पर्नेछ । फाराम शुल्क रु २००।- लाग्नेछ र एक भन्दा बढि विषयको लागि प्रति विषय रु १५०।- थप शुल्क लाग्नेछ ।

२. <u>इन्जिनियरिंग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएकाहरु मध्येबाट निम्न आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन्</u> :

   क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।

   ख) Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।

   ग) सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।

३. <u>निम्न आवेदकहरू पुन: आवेदनमा सामेल हुन पाउने छैनन्</u> :

   क) इन्जिनियरिंग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षामा सम्मिलित नभएकाहरु तथा सम्मिलित भई उत्तीर्ण नभएकाहरु ।

   ख) कक्षा शुरु भई सकेको हुँदा इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गतका कुनै पनि आंगिक क्याम्पसहरुमा भर्ना भएका विद्यार्थीहरु ।

४. उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार मुख्य र वैकल्पिक सूची प्रकाशन गरी भर्ना गरिनेछ । मुख्य उमेदवारले भर्ना नगरी स्थान रिक्त रहन गएमा वैकल्पिक उमेदवारलाई भर्ना गरिनेछ ।

५. सूची प्रकाशन गर्दा कुनै कार्यक्रममा नियमित तर्फको स्थान रिक्त रहन आएमा सोहि कार्यक्रममा पुर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरुको निवेदन परेको खण्डमा भर्ना भइसकेका पुर्णशुल्किय विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरी पुर्णशुल्किय कार्यक्रम तर्फ मात्र नयाँ भर्ना लिने गरी सूची प्रकाशन गरिनेछ ।

   सूची प्रकाशन मिति: २०७० मंसिर १८ गते अपरान्ह ३:०० बजे ।

   दावि विरोध मिति: २०७० मंसिर १८ गते अपरान्ह ३:०० बजे देखि ४:०० बजेसम्म ।

   भर्ना हुने मिति: २०७० मंसिर १९ गते ११:०० बजे देखि २:०० बजेसम्म ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

आनन्द निकेतन,
पुल्चोक, ललितपुर।

६. हाल रिक्त सिट संख्या

| सि. नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १. | Architecture Regular | १ |
| २. | Architecture Full Fee | १ |
| ३. | Electrical Full Fee | १ |

अध्यक्ष
क्याम्पस स्तरिय भर्ना समिति २०७०

**बोधार्थ:**

- श्री डीनको कार्यालय, इन्जिनियरिंग अध्ययन संस्थान, पुल्चोक ।
- श्री प्रवेश परीक्षा बोर्ड, इन्जिनियरिंग अध्ययन संस्थान, पुल्चोक ।
- श्रीमान् क्याम्पस प्रमुख, पुल्चोक क्याम्पस, पुल्चोक ।
- श्री सिभिल/आर्किटेक्चर/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स तथा कम्प्युटर/मेकानिकल/विज्ञान तथा मानविकी विभाग ।
- श्री शैक्षिक प्रशासन शाखा / आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पस ।
- श्री त्रि. वि. प्राध्यापक संघ/श्री त्रि. वि.कर्मचारी संघ/श्री स्वतन्त्र विद्यार्थी युनियन, पुल्चोक क्याम्पस ।